मिति २०७८ साउन ४

# पुँजीगत खर्च वृद्धिका लागि समीक्षात्मक अन्तरक्रिया

आज मिति २०७८ साउन ४ गते माननीय अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' को समुपस्थितिमा पूँजीगत खर्च गर्ने प्रमुख मन्त्रालयहरुको सहभागितामा गत आर्थिक वर्षको पूँजीगत खर्च अवस्थाको समीक्षा गरियो।

कार्यक्रम शुरु गर्नुहुँदै अर्थ सचिव शिशिर कुमार ढुङ्गानाले उल्लिखित मन्त्रालयहरुको गत आर्थिक वर्षको पुँजीगत खर्च अवस्था सम्बन्धमा संक्षिप्त जानकारी दिनुभएको थियो। गत आर्थिक बर्ष २०७७/७८ मा पूँजीगत खर्च शीर्षकमा सम्बन्धित मन्त्रालयमा विनियोजित मध्ये खानेपानी मन्त्रालयको ३६.८०%, भौतिक निर्माण तया यातायात मन्त्रालयको ७५.०३%, शहरी विकास मन्त्रालयको ८७.०%, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ७७.७९% र उर्जा, सिंचाइ तथा जलस्रोत मन्त्रालयको ६५% प्रगति हासिल भएको जानकारी गराउनु भयो। साथै सम्बन्धित मन्त्रालयका सचिवहरुलाई पुँजीगत खर्च न्यून हुनु र आर्थिक वर्षको अन्तिम महिनामा पुँजीगत खर्चको अनुपात ज्यादा हुनुका कारण र सो को समाधानको बारेमा जानकारी दिन अनुरोध गर्नु भएको थियो ।

कोभिड महामारी, विकास आयोजना सञ्चालन गर्ने निकायहरुमा जनशक्तिको न्यूनता, पूर्व तयारी पर्याप्त नभएका आयोजनाहरुमा रकम निकासा, ठेक्का प्रक्रियामा ढिलाई, वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुमा रकम उपलब्धताको अनिश्चितत, आयोजना सम्बद्ध जग्गा प्राप्तिमा कठिनाई, उल्लेख्य संख्यामा साना आयोजनाहरुमा समेत रकम विनियोजन, आयोजना सञ्चालनका लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरु तर्जुमामा ढिलाई, अपर्याप्त अन्तर मन्त्रालय समन्वय लगायतका कारण आफ्नो मन्त्रालयलाई विनियोजित पुँजीगत खर्चमा अपेक्षित प्रगति हासिल हुन नसकेको व्यहोरा सम्बन्धित मन्त्रालयका सचिवहरुले जानकारी गराउनुभयो ।

सो क्रममा सम्बन्धित मन्त्रालयका सचिवहरुलाई निर्देशन दिनु हुँदै माननीय अर्थमन्त्रीले कार्यक्रमले पुँजीगत खर्चको लक्ष्य अनुरुप प्रगति हासिल हुन नसक्नाका कारण र समस्या उजागर भएकाले उक्त समस्याहरु हल गर्न कार्यान्वयन योग्य सुझावहरु पहिचान गरी नेपाल सरकार, मन्त्रिपरिषद् र अर्थ मन्त्रालयमा पेश गर्न निर्देशन दिनुभयो ।

साथै परम्परागत ढाँचा र शैलीमा गरिने कामले अपेक्षित नतिजा हासिल हुन नसक्ने भएकाले विकास प्रक्रियामा रहेका जटिलता र प्रक्रियामुखी कार्यसम्पादनलाई सुधार गर्न कर्मचारीतन्त्रले आफूमा अन्तरनिहित प्रतिभा, क्षमता र अनुभवको आलोकमा नवीन सोच सहित विकास प्रक्रियामा रहेको अवरोध अन्त्य गर्न ठोस कार्य योजना पेश गर्नुपर्ने तर्फ समेत जोड दिनुभयो।

निर्देशनकै क्रममा माननीय मन्त्रीले विकास प्रक्रियामा आम नागरिकको सहभागिता सुनिश्चित हुने गरी काम गर्न मन्त्रालयका सचिवहरुलाई निर्देशन दिनु हुँदै नेपाल सरकारले ऋण रकम लिएर समेत विकास आयोजना सञ्चालन गरिरहेको हुँदा विनियोजित पूँजीगत रकम शतप्रतिशत खर्च गर्नुपर्ने र सो का लागि अर्थ मन्त्रालयको पूर्ण सहयोग र समन्वय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।